सिटिजन हेल्प डेस्क

सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #५
जेष्ठ, २०७४

सिटिजन हेल्पडेस्क बुलेटिनको पाँचौ अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', जिल्लाहरूमा समुदायलाई सही सूचना प्रवाह गरी उनीहरूको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरू Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरूले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पत्ता लगाई सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र समुदायलाई सही सूचना प्रवाह गरी उनीहरू बीचको अन्यौलता हटाउदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

प्रश्न

बिदुर, नुवाकोट
"वैदेशिक रोजगारीमा जाँदा परिवारका सदस्यको पनि स्वास्थ्य बिमा गर्नु पर्ने हो ?"

मेलम्ची, सिन्धुपाल्चोक
"वैदेशिक रोजगारीमा जाँदा गरेको स्वास्थ्य बिमा विदेशमा जाने व्यक्तिहरूको लागि मात्र हो कि परिवारका सदस्यको हकमा पनि लागु हुने हो ?"

पाँचखाल, काभ्रेपलाञ्चोक
"वैदेशिक रोजगारमा गएका व्यक्तिहरूका घरपरिवारको स्वास्थ्य उपचार अब सरकारले नै गरिदिने रे !"

जवाफ

वैदेशिक रोजगारीमा जाने व्यक्तिले गर्ने बिमा ब्यक्तिगत हुने भएकोले यो बिमायोजना सम्बन्धित व्यक्तिको हकमा मात्र लागु हुन्छ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिका परिवारका सदस्यहरूले स्वास्थ्य बिमा गर्नै पर्ने बाध्यकारी नियम भने छैन।

बिमा सम्झौता वैदेशिक रोजगारीमा जाने व्यक्तिले बिमा कम्पनीसंग गर्ने भएकोले बिमितको हकमा पनि बिमा रकम सरकारले व्यहोर्दैन।

वैदेशिक रोजगारीमा जाने व्यक्तिले गर्ने बिमा उनिहरूको करार अवधिसम्ममात्र लागु हुन्छ। यदि कानुन बमोजिम करार अवधि थपियो भने त्यहि अनुरूप बिमा अवधि पनि थप्नु पर्दछ।

मिसाको म्याद अवधिभित्रै कसैको विदेशमा मृत्यु या अंगभंग भएमा बिमा बापतको रकम फिर्ता लिन सकिन्छ। बिमा रकम दिलाउने प्रक्रियामा भने नेपाल सरकार वैदेशिक रोजगार विभागको भुमिका रहन्छ। त्यसको लागि बिमितले वैदेशिक रोजगार विभागमा निवेदन दिनु पर्दछ र वैदेशिक रोजगार विभागले, श्रम स्विकृती लिएर गएको हो भनेर वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सिफारिस गरिदिन्छ र बोर्डले सम्बन्धित बिमा कम्पनीमा सिफारिस गरिसके पश्चात पीडितले क्षतिपुर्ति बापतको बिमा रकम पाउँदछ।

मोहन अधिकारी
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
९८५११५५११०

नेपाल वैदेशिक रोजगार विभाग
०१-४७८२४५४

सवाल

मेलम्ची, सिन्धुपाल्चोक

"वैदेशिक रोजगारिको क्रममा बसेर अवैधानिक रूपमा काम गरिरहेका आफन्तलाई सहज रूपमा स्वदेश फर्काउन के गर्नुपर्ला ?"

धुनेवेशी, धादिङ

"मेरो श्रीमान एजेण्ट मार्फत ३ वर्षअगाडी वैदेशिक रोजगरीको लागि मलेसीया जानुभएको हो। तर भनेको कम्पनीले काम गर्न नै दिएन। अहिले लुकेर काम गरिरहनु भएको छ। उहाँ स्वदेश फिर्ता हुन चाहनहुन्छ के गर्ने ?"

पाँचखाल, काभ्रेपलाञ्चोक

"छोरा ११ महिना देखी मलेसीयामा काम गरिरहेको छ। कम्पनीले श्रम सम्झौता गर्दा तोकेको रकम भन्दा थोरै तलव दिईरहेको छ। नेपाल फर्किन चाहन्छ तर, कम्पनीले राहदानि जफत गरेको छ के गर्ने ?"

जवाफ

श्रम सम्झौताको अवधि सकिएर विदेशमै लुकेर काम गरिरहेका वा भ्रमण भिसामा गएर विदेशमा अवैधानिक रूपमा काम गरिरहेका व्यक्तिलाई कानुन बमोजिम नेपाल सरकारले स्वदेश फर्काउने कुनै व्यवस्था छैन। नेपाल सरकारसंग त्यस्ता व्यक्तिहरूको कुनै रेकर्ड हुँदैन।

यदि वैदेशिक रोजगरीमा गएको कुनै व्यक्तिले सम्झौता पत्रमा उल्लेख गरिएको काम भन्दा भिन्दै काम गर्नु पर्‍यो र उ स्वदेश फर्कन चाहन्छ भने, सोही देश स्थित नजिकैको नेपाली कुटनितिक नियोगमा गएर उजुरी दिन सकिन्छ। अथवा नेपालमै उसका आफन्तले नेपाल सरकार वैदेशिक रोजगार विभागमा गएर उजुरी दिन सक्छन्। ठगिएको प्रमाणित भएमा सम्बन्धित म्यानपावर कम्पनीबाट क्षतिपुर्ति भराउने प्रक्रियामा वैदेशिक रोजगार विभागले सहयोग गर्दछ।

यदि काम र मासिक तलव सम्झौतामा तोकिए अनुसार छ तर, उ घर फर्कन चाहन्छ भने, करार अवधि पुरा भएको हुनु पर्दछ। विचमै फर्कन चाहन्छ भने कम्पनीको नियम अनुसार बाँकी रहेको करार अवधिको रकम क्षतिपुर्ति बापत कम्पनीलाई बुझाउनु पर्दछ।

मोहन अधिकारी
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
९८५११५५११०

नेपाल वैदेशिक रोजगार विभाग
०१-४७८२४५४

प्रश्न

विदुर, नुवाकोट

"सामुहिक जमानिमा सरकारले दिने भनेको निर्ब्याजी ऋणकोलागि सम्पती धितो राख्नु पर्छ कि पर्दैन ?"

महादेवस्थान, काभ्रेपलाञ्चोक

"भूकम्प पीडितलाई सरकारले ३ लाख रुपैयाँ सामुहिक जमानिमा ऋण दिने भनेको छ। त्यस्तो ऋण सबै बैकबाट लिन सकिन्छ कि सरकारले तोकेका बैकहरूबाट मात्र लिनु पर्ने हो ? त्यो ऋण ५ वर्षमा चुक्ता गर्नुपर्छ रे वास्तविकता के हो ?"

जवाफ

भूकम्प पीडितहरूको घर निर्माणकालगि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि २०७४ स्वीकृत भएको छ। जस अन्तर्गत पीडितहरूले बिना ब्याज अधिकतम ३ लाख रुपैयाँ सम्म कर्जा लिन सक्ने छन्। यो योजना न्युन आए भएका र सामाजिक रूपमा पछाडी परेका साना किसान, कालिगढ, मजदुर र भूमिहीन परिवारजस्ता विपन्न वर्गलाई लक्षित गरिएको छ।

ऋण पाउनकोलागि सरकारले केही न्युनतम् मापदण्ड तय गरेको छ। जस अन्तर्गत पीडित परिवाको बस्नयोग्य घर नभएको हुनुपर्ने र भूकम्प पीडित परीचयपत्र भएको हुनुपर्ने छ। तर, ऋणीले त्यसकोलागि कुनै सम्पती धितो राख्नु पर्दैन।

भूकम्प पीडितहरूले राष्ट्र बैकबाट स्वीकृति प्राप्त क, ख, ग र घ वर्गका वैक तथा वितीय संस्थाबाट ऋण लिन सक्नेछन्। ति वैक तथा वितीय संस्थाहरूले भूकम्प पीडितहरूबाट कुनै पनि थप शुल्क तथा ब्याज लिन पाउने छैनन्। ऋण दिए बापत वैक तथा वितीय संस्थाहरूले सरकारबाट निश्चित ब्याज पाउँछन्।

व्याज तिर्नु नपरेपनि बैकबाट लिएको सावाँ भने ऋणिले ३ देखि ५ वर्षसम्म चुक्ता गरिसक्नु पर्दछ।

डा. भिष्मकुमार भुसाल
सह-प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११२७७५७

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
०१-४२११४८४

मेरो कथा – अनुभुती र भोगाई



राजेश तामाङ

बालुवा, काभ्रेपलाञ्चोक

बालुवा काभ्रेका राजेश तामाङ वैदेशिक रोजगारीको शिलशिलामा मलेसियामा काम गरिरहेका थिए । आठ महिना काम गरिसकेपछि पनि कम्पनीले उनलाई तलब दिएको थिएन र अन्त्यमा कामबाट पनि निकालिदियो । उनि घर त फर्किन चाहन्थे तर, उनिसंग साँझ बिहान खानाखाने पैसा सम्म खल्तिमा थिएन । एउटा साँघुरो कोठामा बस्दाबस्दै उनि मानसिक रोगको सिकार भईसकेका थिए । जसका कारण उनि आत्महत्या गर्ने मनस्थितीमा पुगिसकेका थिए । यहि क्रममा गाँउकै केहि साथीहरूले उनलाई कठिन अवस्थामा फेला पारे । उनिहरूले घर फर्काउने प्रयास नगरेका पनि हैनन् तर सम्भव भएन ।

तिनै युवाहरू मध्येका एकजना युवाले राजेश तामाङको अवस्थाको बारेमा हाम्रा काभ्रे स्थित सिटिजन हेल्पडेस्कका CFA सविता न्यौपानेलाई जानकारी गराउनुभयो र सकेसम्म उनको उद्दार गरिदिन अनुरोध गर्नुभयो । त्यस पश्चात हामिले तामाङको विवरण सहितको कागजात संकलन गरी वैदेशिक रोजगारीमा गएका व्यक्ति र परिवारका सदस्यहरूको अधिकारको पक्षमा काम गर्ने संस्था सेन्टर फर माईग्रेशन एण्ड ईन्टरनेशनल रिलेशनलाई बुझाएका थियौं । प्रक्रिया थालेको एक हप्तामा राजेश तामाङ स्वदेश फर्किसकेका छन् । उनले काम गरे बापतको तलब पाउने गरि प्रक्रिया अगाडी बढिसकेको छ । त्यसपछिको थप प्रगती विरण हामी आगामी अंकमा जानकारी गराउने छौं ।

यो पनि थाहा पाईराखौँ - सरकार द्वारा गरीएका नविनतम निर्णयहरू

- विभिन्न संरचना निर्माण गर्न सार्वजनिक जग्गा उपलव्ध गरोउने निर्णय (Link)
- निजि आवास पुनर्निमाणको अपडेट (Link)
- भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानिमा निर्व्याजी ऋण उपलव्ध गराउने कार्यविधि, २०७४ (Link)

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, जिल्लामा रहेर काम गरिरहेका CFA हरूले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, संचार माध्यमहरू र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन्। २०७४ बैशाख १८ गतेदेखि २०७४ जेष्ठ १७ गतेसम्म ४ जिल्लाका करिव ४३२ जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरिएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन्।

Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन।

accountabilitylab

Local Interventions Group
data-driven development